हरिहरपुरगढी गाउँपालिकाको गाउँसभाको मिति २०८१।३।१० गतेको वैठकमा

गाउँपालिका उपाध्यक्ष श्री चेख वहादुर थिङले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२ को वजेट वक्तव्य

हरिहरपुरगढी गाउँपालिका
झनझने, सिन्धुली

**आदरणीय अध्यक्ष उपस्थित सभासदज्यूहरु,**

१. नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ को व्यवस्था वमोजिम यस हरिहरपुरगढी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा हरिहरपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्न पाउदा गौरवको अनुभूती गरेको छु ।

२. यो महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा जनताहरुवाट भएका सशस्त्र संघर्ष, जनआन्दोलन लगाएतका राजनैतिक क्रान्तिका क्रममा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने तमाम ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै घाईते अपाङ्ग, वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान सहित उहाँहरुको परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गर्दछु । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको सन्दर्भमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रज राजनितिकर्मीहरु प्रति सम्मान प्रकट गर्दछु ।

३. नेपालको संवैधानिक परिकल्पना अनुसारको लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढिकरण गर्दै जनताहरुको घर आँगनमा रहेको सरकार मार्फत सुशासन सहितको विकास र संमृद्धि हासिल गर्न विश्व व्यापी रुपमा देखिएको आर्थिक मन्दीवाट हाम्रो पालिकाको समग्र वजेट प्रणालीलाई पारेको प्रभाव स्वरुप उत्पन्न परिस्थितीका वीच उपलव्ध स्रोत साधनलाई अधिकतम ढंगले परिचालन गरी पालिकाको जिवनस्तर सुधारका लागि आर्थिक समृद्धि उन्मुख अर्थतन्त्र निर्माणमा सघाउ पुर्याउने उद्धेश्यका साथ बजेट तर्जुमा गरेकोछु ।

४. लोकतान्त्रिक अभ्यास मार्फत जनअनुमोदित भई पालिकाको मुहार फेर्ने जिम्मेवारी वहनका सिलसिलामा अग्रसर सम्पूर्ण जनप्रतिनिधीज्यूहरु प्रति सम्मान व्यक्त गर्दछु ।

५. आगामी आर्थिक वर्ष २०८१/०८२ को वजेट तर्जुमा गर्दा नेपालको संवैधानिक व्यवस्था, नेपाल सरकारको आर्थिक वर्ष २०८१/०८२ को वजेट, वागमति प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को वजेट, हरिहरपुरगढी गाउँपालिका सरकारले सम्मानित सभा समक्ष पेश गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, वडा पालिका, गाउँ कार्यपालिका, गाउँसभा सदस्य तथा राजनैतिक दल - नागरिक समाजवाट प्राप्त सुझावहरुलाई आत्मसात गरेकोछु ।

**अध्यक्ष महोदय,**

६. अव म चालु आर्थिक वर्षको विद्यमान स्थितको विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु ।

<u>चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरणः</u>

चालु आ.व.मा यस गाउँपालिकाले आ.व. २०८०।०८१ मा चालु तर्फ ३२३ वटा र पूजीगत तर्फ ११७ वटा योजना तथा कार्यक्रमहरु रहेका थिए । कुल वजेट मध्ये चालु तर्फ कूल रकमको ६९.२५ प्रतिशत र पूँजीगत तर्फ ५०.४७ प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्षमा गत आ.व.मा सम्पन्न भई वजेट अभावका कारण भुक्तानी हुन नसकेका कार्यक्रमहरुको भुक्तानी गर्नु परेको र संघ/प्रदेशवाट प्राप्त हुने अनुदान तथा आन्तरिक राजश्व अपेक्षित रुपमा प्राप्त हुन नसकेको कारण यस आ.व.मा पूर्वाधार निर्माणको क्षेत्रमा उल्लेख्य वजेट विनियोजन हुन सकेन । योजना संचालनमा विलम्व भई आर्थिक वर्षको अन्तिम भुक्तानीमा चाँप पर्ने गरेकोमा यस आर्थिक वर्षमा सिमित योजना कार्यक्रम भएका र जेष्ठमसान्त भित्रै उपभोक्ता समिति मार्फत संचालन हुने सम्पूर्ण योजना सम्पन्न गरि सक्ने नीतिलाई कडाईका साथ अवलम्व गरिएको कारण सम्पूर्ण उपभोक्ता समितिहरुले कार्य सम्पन्न गरि सकेको अवस्था रहेकोछ। ठेक्का वन्दोवस्त भएका योजनाहरुको पनि लक्ष्य अनुसारको प्रगति भएकोले आर्थिक वर्षको अन्तसम्ममा सम्झौता भएका पूँजीगततर्फ कार्यक्रमहरुमा ९७ प्रतिशत प्रगति हुने आशा गरिएको छ । उपभोक्ता समितिहरु तथा ठेक्का मार्फत संचालन भएका योजनाहरुमा हुने ढिलासुस्ती, लापरवाही र कमसल निर्माण सामाग्री प्रयोग जस्ता समस्यालाई मध्येनजर राखि आगामी आर्थिक वर्षदेखि सहकारी संस्थाहरु मार्फत पनि विकास निर्माणका कार्यहरु संचालन गर्ने नीति लिईनेछ ।

- संचालित योजना कार्यक्रमहरुको क्षेत्रगत भौतिक उपलब्धिको अवस्था यसप्रकार रहेकोछ ।

| | |
|---|---|
| आर्थिक विकास | ५६% |
| सामाजिक विकास | ७०% |
| पूर्वाधार विकास | ६२.२७% |
| सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र | ३०% |
| कार्यालय सचालन तथा प्रशासनिक क्षेत्र | ६४.३०% |

**आदरणीय महानुभावहरु,**

७. अव म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्धेश्यहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्धेश्य निम्नानुसार रहेका छन् ।

- आर्थिक, सामाजिक, शैक्षिक र भौतिक पूर्वाधार विकास गरि समुन्नत र समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको विकास तर्फ अगाडी वढने ।
- कृषि, पशुपालन र लधुउधमशीलताको प्रवर्द्धन मार्फत आर्थिक गतिविधीमा गतिशिलता ल्याई अन्तरिक उत्पादनमा आधारित अर्थतन्त्रको विकास गर्ने ।
- पालिकामा उपलव्ध स्थानीय स्रोत साधन, अवसर र क्षमताको परिचालन मार्फत कृषि र उद्यमशीलताको क्षेत्रमा लगानी वढाई उत्पादनमा वृद्धि ल्याई रोजगारीको अवसर सृजना गर्ने ।
- सामाजिक, आर्थिक र सांस्कृतिक रुपले पछाडी परेका वर्गका लागि प्रवर्द्धनात्मक कार्य मार्फत सामाजिक न्यायको अनुभूती गराउने ।
- गाउँपालिकावाट प्रवाह हुने सेवालाई गुणस्तरीय सर्वसुलभ प्रविधिमैत्री वनाई सुशासन कायम गर्ने ।

८. अव म वजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने कार्यक्रम
- उत्पादनमुलक तथा दिगो प्रतिफल दिने अनुभुति हुने, दिगो विकासमा टेवा पुग्ने आयोजना
- शैक्षिक पूर्वाधार तथा जीवन उपयोगी शैक्षिक आधार निर्माणमा सहयोग पुग्ने आयोजना
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने आयोजना
- दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने कार्यक्रम
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने आयोजना
- स्थान विशेषको संस्कृति र पहिचान प्रबर्द्धन गर्ने आयोजना
- स्थानीय तहले आवश्यक देखेका आयोजना तथा कार्यक्रमहरु
- स्थानीय स्तरमा रोजगारीका अवसरहरुको सृजना गर्ने कार्यक्रमहरु

**अध्यक्ष महोदय,**

९. अव म अगामी आर्थिक वर्ष २०८१/०८२ को लागी क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु ।

**क्षेत्रगत कार्यक्रमतर्फ को विनियोजन**

कार्यालय प्रशासन तथा प्रशासनिक तर्फ रु.१४ करोड ४५ लाख ८० हजार
प्रशासनिक पूँजीगत तर्फ रु. २ करोड १२ लाख ५० हजार
सशर्त चालु तर्फ रु.२१ करोड ५५ लाख ९ हजार
कृषिमा पशुपंछी विकास सहकारी तथा उधम विकास रु.१ करोड
शिक्षा तर्फ रु. १ करोड ३४ लाख ३८ लाख
स्वास्थ्य तर्फ रु. १ करोड ८४ लाख ५० हजार
लक्षित कार्यक्रम रु. ८९ लाख ५० हजार
युवा खेलकुद तर्फ रु. ३० लाख
सिंचाई, खानेपानी तथा सरसफाई तर्फ रु. ३५ लाख
पुर्वाधार विकास समपुरक/१५ शैया अस्पताल तर्फ रु. ३ करोड ६१ लाख
वन तथा वातावरण तर्फ रु. १० लाख
सुशासन तथा संस्थागत विकास तर्फ रु. ७१ लाख
अन्य संस्थासँग साझेदारी रु.३० लाख
वडागत योजनाहरु तर्फ रु.४ करोड

**आदरणीय महानुभावहरु,**

१०. अब म माथि उल्लेख गरेका क्षेत्रगत नीति तथा कार्यक्रमका लागि गरिएको वजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

११. आगामी आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रम कार्यान्वयन गर्न **रु. ६८ करोड ५९ लाख ७७ हजार** विनियोजन गरेकोछु ।

१२. आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये वित्तिय समानिकरण संघीय सरकार वाट रु**. ९ करोड ६२ लाख,** प्रदेश सरकारवाट **रु.९१ लाख ६९ हजार**, संघीय सरकार राजष्व बाँडफाँडवाट **रु.१२ करोड २१ लाख,**

प्रदेश सरकार बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर **रु.४ करोड २३ लाख १ हजार ५ सय** , स्थानीय राजष्व बाँडफाँड ६० लाख, संघीय सरकार शसर्त चालु **रु.२० करोड १६ लाख २५ हजार**, संघीय सरकार शसर्त पूँजीगत **रु.९ करोड ३१ लाख,** प्रदेश शसर्त अनुदान चालु **रु. १ करोड ३८ लाख ८४ हजार**, संघीय सरकार विषेश अनुदान पूँजीगत **रु.३ करोड ८० लाख**, संघीय सरकार समपुरक अनुदान **रु. ६० लाख**, प्रदेश समपुरक अनुदान **रु. ५० लाख** र गतवर्षको अनुमानित संचितकोष वचत र अन्य प्राप्तीवाट **रु. ३ करोड ४६ लाख ९८ हजार ५ सय** व्यहोरिनेछ ।

१३. अन्त्यमा, वजेट निर्माणको क्रममा मार्ग निर्देश गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रवक्ताज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । बजेट तर्जुमाको सिलसिलामा महत्वपूर्ण सुझाव प्रकट गर्नुहुने राजनैतिक दल, निजीक्षेत्र, संचारकर्मी तथा वजेट निर्माणको सिलसिलामा आ-आफ्नो तह तप्कावाट सहयोग पुर्याउनु हुने सम्पूर्ण कर्मचारी वर्गहरु प्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दै प्रस्तुत वजेट कार्यक्रमहरु कार्यान्वयनमा समेत रचनात्मक र सृजनात्मक सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद**

**श्री चेख वहादुर थिङ**
**उपाध्यक्ष**